प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, उदयपुर
प्रदेश नं. १, नेपाल

फोन नं.: ०३५-४२२१३०,४२२२६३
Email: akcudaypur@gmail.com
Website: udayapur.akc.gov.np

पत्र सख्या :२०७९/८०

## कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने बारे सूचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०७९/०५/०१**

कृषि ज्ञान केन्द्र, उदयपुरको चालु आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन,२०७७ नियमावली, २०७८ र कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ मा तोकिएका शर्तहरु पालना गरी देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न उदयपुर जिल्ला भित्रका रीतपुर्वक आधिकारीक रुपमा दर्ता भएका ईच्छुक कृषि सहकारी संस्था, कृषक समूह, कृषि फर्म तथा निजी कृषि उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा २०७९/०५/३० (३० दिन भित्र) सम्म तोकिएको अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेका र म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन तर सूचनाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोली पल्ट सम्म आवेदन दिन सकिने छ । साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि. नं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने आधारहरु | अनुदान प्राप्त गर्नसक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | लागतको अधिकतम ७५% | १. कम्तीमा ५० हेक्टरको क्लष्टर हुनु पर्नेछ । | १. आधारिकारीक रुपमा दर्ता भएका कृषि फार्म/कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी |
| २. | व्यावसायिक फलफुल बगैंचा स्थापना सहयोग | लागतको अधिकतम ७५% | १. पहाडमा कम्तीमा ३ देखी ५ रोपनी हुनु पर्नेछ र तराईमा ५ देखी १५ कठ्ठा क्षेत्रफल हुनु पर्नेछ । | १. आधारिकारीक रुपमा दर्ता भएका कृषि फार्म/कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी |
| ३. | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | लागतको अधिकतम ७५% | १. राजमार्ग आसपासका जोन तथा सुपरजोन संचालन भएको स्थानीय तहको वार्ड वाहेकका क्षेत्र हुनुपर्नेछ । | १. आधारिकारीक रुपमा दर्ता भएका कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| ४. | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | लागतको अधिकतम ७५% | १. उत्पादनमा आधारित व्यवसाय उन्मुख कार्यक्रम संचालन गर्नु पर्नेछ ।<br>२. व्यवसायिक प्रस्तावना पेश गर्नु पर्नेछ ।<br>३.महिला/दलित/विपन्न/पिछडिएको समुदायको कृषकहरु हुनुपर्ने | १. कृषक र कृषि फर्म |

महेश कुमार चौधरी
निमित्त प्रमुख

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, उदयपुर
प्रदेश नं.१, नेपाल

फोन नं.: ०३५-४२२१३०,४२२२६३
Email: akcudaypur@gmail.com
Website: udayapur.akc.gov.np

पत्र सख्या :२०७९/८०

| | | | | |
|---|---|---|---|---|
| ५. | युवा लक्षित च्याउ/ मह/तरकारी उत्पादन कार्यक्रम | लागतको अधिकतम ७५% | १. पहाडमा कम्तीमा ५ रोपनीमा तरकारी खेति तथा थोपा सिंचाई सहितको २ वटा प्लाष्टिक टनेल निर्माण गर्नुपर्नेछ ।<br>२. तराईमा १० कठ्ठा मा व्यवसायिक तरकारी खेति गर्नु पर्नेछ ।<br>३. मौरीपालन २० घार, च्याउ खेतिमा १४×२२ फुट साईजको २ वटा टहरा हुनु पर्नेछ ।<br>४. १८ देखि ५० वर्ष उमेर ननाघेका युवाहरु । | १. कृषक/कृषि उद्यमी/निजी कम्पनी कृषक समूह/कृषि सहकारी संस्था/ |
| ६. | प्याज तथा लसुन उत्पादन कार्यक्रम | लागतको अधिकतम ७५% | १.कम्तीमा ३ हे. को कलष्टर हुनु पर्नेछ । | १.आधिकारीक रुपमा दर्ता भएका कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि उद्यमी/फार्म |
| ७. | कृषि बजार तथा संकलन केन्द्र निर्माण | लागतको अधिकतम ७५% | १. तराईमा ३ कठ्ठा र पहाडमा १.५ कठ्ठा जग्गा धनी पुर्जाको प्रमाणपत्र वा संस्थाको आफ्नै जग्गा नभएमा कम्तिमा २० वर्षसम्म जग्गा लिजमा लीएको कानुन सम्मत प्रमाण । | १. कृषक समूह/ कृषि सहकारी संस्था/कृषि उपज बजार संचालक समिति |
| ८. | नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम | लागतको अधिकतम ७५% | १.मौसमी तरकारीको लागि कम्तिमा ३ हे. फलफूल वालीको लागि पहाडमा कम्तीमा १० रोपनी तराईमा कम्तीमा २० कठ्ठा र च्याउको लागि ५०० केजी वीउ, सिताके भए १००० मुढा हुनु पर्ने । | १.कृषि उद्यमी/कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| ९. | बगर खेति विकास तथा प्रवर्द्धन कार्यक्रम | लागतको ७५% | १. बगर खेति गरिने स्थल नदी खोला किनार आसपासको उकास वा बगर क्षेत्रमा क्लष्टरमा कार्यक्रम संचालन हुनु पर्नेछ ।<br>२. कम्तीमा ५ विगाहा क्षेत्रफल गर्नु पर्नेछ । | १.कृषक/कृषि उद्यमी/ कृषक समूह/कृषि सहकारी |
| १० | एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम | लागतको अधिकतम ७५% | १. नर्सरी स्थापनाको लागि तराईमा ३ कठ्ठा पहाडमा २ रोपनीको जंग्गा धनी पुर्जाको प्रमाणपत्र हुनु पर्ने<br>२. वार्षिक कम्तीमा १०,००० विरुवा उत्पादन गर्न सक्ने क्षमताको संरचना निर्माण गर्नुपर्ने ।<br>३. कम्तीमा १० वोट माउ वोट अट्न सक्ने क्षमता भएको सेड हाउस वा स्क्रीन हाउस वा नेट हाउस निर्माण गर्नु पर्ने । | १.कृषक समूह/कृषि सहकारी संस्था/निजी उद्यमी |

महेश कुमार चौधरी
निमित्त प्रमुख

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, उदयपुर
प्रदेश नं. १, नेपाल

फोन नं.: ०३५-४२२१३०,४२२२६३
Email: akcudaypur@gmail.com
Website: udayapur.akc.gov.np

पत्र सख्या :२०७९/८०

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन ।

२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. प्रचलित कानुन अनुसार आधिकारिक निकायमा दर्ता प्रमाणपत्र (संस्था, फर्म, समूह तथा सहकारी) (नविकरण भएको) र बैठक निर्णय प्रतिलिपि ।

४. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

६. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।

७. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।

८. आ.व. २०७८/७९ को लेखा परिक्षण प्रतिवेदन विवरण ।

९. आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

१०. जग्गा धनी पुर्जाको प्रतिलिपि वा ऐलानी, ब्लक जग्गाको हकमा भोगचलन गरेको जग्गाको क्षेत्रफलको स्थानिय तहले शिफारिस गरेको सिफारिस पत्र ।

११. सम्बन्धित विषयमा प्राविधिक ज्ञान भए सो को प्रतिलिपी ।

१२. आवेदकले वा उसको एकाघरको परिवालले एक पटक संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजनावाट ३ वर्ष सम्म कृषिसंग सम्वन्धि कुनै पनि अनुदान नलिएको वा नलिने स्वःघोषणा पत्र ।

१३. लिजमा लिएको जग्गाको हकमा कम्तीमा ५ वर्षे करारनामा वा कृषि संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र  पेश गर्नु पर्नेछ ।

१४. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।

१५. कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली,२०७८ को अनुसूची -२ मा उल्लेख भए बमोजिमको व्यवसायिक योजना तयार गरी पेश गर्नु पर्नेछ ।

१६. प्रस्तावना निवेदन दस्तुर व्यात्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र, उदयपुरको कार्यालय कोड नं. ३१२०१११०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२२२६३/४२२१३०, र ९८४२२५७६२१ (फूलमाया शेर्पा) ९८५२८२९१३० (अनु वि.सी) लाई सम्पर्क गर्न सक्नुहुनेछ। साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट **www.molmac.p1.gov.np** वा कृषि विकास निर्देशनालयको वेबसाइट **www.doad.p1.gov.np** वा कृषि ज्ञान केन्द्र उदयपुरको वेबसाइट **udayapur.akc.gov.np** बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८" डाउनलोड गर्न सकिनेछ ।

महेश कुमार चौधरी
निमित्त प्रमुख